नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६, संख्याः ३५, चैत्र २८ गते, २०७९ साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्ययोजना स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३)बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## विपद् व्यवस्थापन कार्ययोजना, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।१२।२७

# सिद्धलेक गाउँपालिका

# विपद् व्यवस्थापन कार्ययोजना, २०७९

बाढि पहिरो, भुकम्प, भू-क्षय, आँधीबेरी, आगलागी, महामारी, हुरीबतास, चक्रपात, अनावृष्टी, अतिवृष्टि, हिमपात, असिनापानी, महामारी,दुर्घटना आदि प्राकृतिक तथा गैर प्राकृतिक विपद्का रुपहरु हुन्। यस्ता घटनाहरु जहाँसुकै र जुनसुकै समयमा पनि घट्न सक्ने भएकोले त्यस प्रति समयमै सचेत रहनु र पूर्व तयारी हुनु जरुरी छ । यसका लागि विपदका घटनाहरु घट्न नदिन, घटनालाई न्यूनीकरण गर्न र घटना घटि हालेमा यसलाई तत्काल उचित व्यवस्थापनका लागि आवश्यक सतर्कता अपनाउनु जरुरी छ । विपदजन्य घटनाको व्यवस्थापनमा स्थानीयतहको भूमिका अहम् हने भएकाले यसै कुरालाई मध्यनगर राखी सिद्धलेक गाउँपालिकाले विपद्जन्य घटनाहरुको व्यवस्थापन सम्वन्धि कार्ययोजना - २०७९ तयार पारेको छ ।

## कार्ययोजना र कार्यतालिका

| क्र. स. | कार्यक्रमको विवरण | कार्यक्रमको उद्देश्य | कार्यक्रमकार्यान्वयनको समयसीमा | | | |
|---|---|---|---|---|---|---|
| | **पूर्व तयारीका कार्यहरु:** भविष्यमा घटन सक्ने घटनावाट सजग भएर हुनसक्ने क्षति कमगर्न, उद्धारकार्यलाई व्यवस्थित रुपमा तयार पार्ने, उद्धार सामाग्रीहरुको प्रवन्ध गर्ने, सवै क्षेत्रको सामुहिक सहयोग परिचालन गर्न, सूचना आदानप्रदान गर्ने, पूर्व सूचन ादिन सक्ने संयन्त्रको भरपर्दो रुपमा विकास गर्ने, कमजोर तथा संवेदनशील स्थान तथा क्षेत्रहरुको विशेष निगरानी राख्ने काम यस अवस्थामा गरिन्छ । यसकै आधामा उद्धार कार्यलाई व्यवस्थित र भरपर्दो बनाउन सकिन्छ । यसरी दैवीप्रकोप तथा विपद्को उद्धार र व्यवस्थापनको निश्चित प्रक्रिया रहेका हुन्छन् । घटना र अवस्थाका कारणहरुबाट सवै प्रक्रिया एकै हिसावले परिचालन नहुनपनि सक्दछन् । तसर्थ योजना कार्यान्वयन गर्दा यसलाई विशेष ध्यानदिनु अति आवश्यक पर्नेहुँदा सिध्दलेक गाउँपालिकाका लागि तपशिल बमोजिमको कार्ययोजना तयार पारिएको छ । यो मस्यौदाप्रति मात्र भएकाले आवश्यक परिमार्जन गर्न सकिने छ । | | **श्रावण - आश्विन** | **कार्तिक पौष** | **माघ-चैत्र** | **बैसाख-आषाढ** |
| १ | पालिका स्तरीय विपद व्यवस्थापन समिति गठन | १.ऐन,नियमावली तथाकार्यविधि निर्माण कार्ययोजना बनाउने ।<br>२.कार्यक्रम कार्यन्वयनको लागि समन्वय र सहकार्य गर्ने<br>३.मातहतक ानिकायलाइ आवश्यक दिशानिर्देश गर्ने । | | | | |
| २. | वडा स्तरीय विपदब्यवस्थापन समिति गठन (स्थानीय संघसंस्था, | १. वडास्तरको कार्ययोजना बनाउने<br>२. वडाको अति जोखिम स्थलको निरिक्षण र तथ्यांक संकलन गरी विवरण | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समूह,, प्रहरी, रेडक्रस, गैरसरकारी संघसंस्थाको पनि प्रतिनिध्त्वि हुनेगरी । ) | राख्ने<br>३.गाउँपालिकाको मातहत र सम्पर्कमा रही वडामा भैपरि आउने विपदजन्य घटनाको तत्काल सुनवाइ गर्ने ।<br>४.प्रतिकार्यमा जुट्ने र समूदाय परिचालन गर्ने । | | | | |
| ३. | प्रत्येक वडामा प्रतिकार्य समूह गठन | १. उद्दारको लागि समूहलाई प्रतिकार्यमा समयमै परिचालन गर्ने । | | | | |
| ४ | प्रतिकार्य समूहलाई तालिम तथा प्रशिक्षणको आयोजना | १. विपदको प्रकृति अनुसार दक्ष जनशक्ती तयार पार्ने ।<br>२. सदस्यहरुले आ-आफ्नो समूदायलाई सजकता अपनाउन ,<br>प्रकोपबाट बच्ने उपायको समयमै सचेत पार्ने ।<br>३. वडा समितिलाई जानकारी गराउने र सहयोग गर्ने । | | | | |
| ५ | विपदविज्ञ तथा प्राविधिक समूह गठन । | १. सिद्धलेक गा.पा.को ७ वटै वडाको प्राकृतिक तथा गैह्र प्राकृतिक रुपले अति जोखिमयुक्त स्थानहरुको पहिचान र वर्गिकरण गरी विस्तृत प्रतिवेदन तयार गर्ने ।<br>२. कम्तिमा १० वर्षका लागि कार्ययोजना बनाउने ।<br>३. गाउँ पालिकालाइ कार्ययोजना कार्यन्वयनको लागि सुझाव दिने । | | | | |
| ६ | आवयक संसाधनको व्यवस्था गर्ने (उद्दारमा खटिने सदस्यहरुको लागि आवश्यक व्यक्तिगत सुरक्षा कवचको व्यवस्था ) | १. प्रत्येक वडामा आवश्यक पिपिइको व्यवस्था गर्ने ।<br>२. उद्दारमा खटिने प्रतिकार्य समूहको सुरक्षा गर्ने ।<br>३. समदायलाई पिपिइको प्रयोगको बारेमा जानकारी दिने । | | | | |
| ७ | आपुर्तिकर्ताको छनौट गर्ने | १. तत्काल उद्दार तथा राहत सामाग्री वितरण तथा उपलब्ध गराउन सजिलो हुने ।<br>२. झन्झटिलो खरिद प्रकृयामा जानु नपर्ने ।<br>३. पारदर्शि र प्रभावकारी हुनुका साथै आवश्यकता अनुसार सामाग्रीको आपुर्ति तथा भण्डारण गर्न सकिने । | | | | |
| ८ | विपद सम्वन्धी जनचेतना अभिबृद्धी एवं प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | १.स्थानीय तहमा प्रकोप, विपत्तीबाट बँच्नका लागि विभिन्न प्रकारका जनचेतना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>२.विभिन्न संघ संस्थाहरुको सहयोगमा अभिमूखीकरण गोष्ठि,तालिम आदिको व्यवस्था गर्ने । | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३.प्रकोप बाट बच्नका लागि स्थानीय जनताहरुलाई प्रशिक्षण गर्दा महिला, बालबालिका र प्रौढहरुलाई समेत सहभागी गराउने ।<br>४.सिद्धलेक गाउँपालिका भित्रका विद्यालयहरुमा दैविप्रकोप व्यवस्थापन र त्यसबाट बच्न सक्ने वा जोगिन सकिने विषयहरुको बारेमा सचेतनामूलक कार्यक्रमको आयोजन ागर्ने । | | | | |
| ९. | पालिकाको सम्वन्धित प्राविधिकहरुबाट स्थलगत अध्ययन गरी तथाआ. व. २०७८/०७९ मा प्रकोप तथा बाढीपहिरो प्रभावित क्षेत्रहरुको निरिक्षण र वर्गिकरण गर्ने | १.बढीपहिरो तथा अन्य प्रकोपका कारण प्रभावित स्थलहरुको तथ्यगत विवरण तयार गर्ने । | | | | |
| १० | विपदजन्य घटनाका कारण राहतका निम्ति वडा कार्यालयहरुमा परेका निवेदनहरुको छानविन र राहत वितरणको लागि प्रविधिकहरुको प्रतिवेदनको आधारम निश्चित मापदण्ड बनाउने । | १.प्राकृतिक तथा गैह्र प्राकृतिक विपदका कारण क्षति पुगेका र वास्तविक पीडितपक्ष लाई क्षतिको मुल्यांकन गरी राहत उपलब्ध गराउने । | | | | |
| ११ | आवश्यक बजेटको व्यवस्था गर्ने | १. सिद्धलेक गाउँपालिकाले विनियोजन गरेको बजेटका साथै अन्य स्रोतबाट पनि रकम संकलन गरी प्रकोप, मानविय विपत्ती जुनसुकै बेलामा पनि घटन सक्ने हुँदा सदैव बजेटा वनियोजन गर्न सक्ने व्यवस्था मिलाउने । | | | | |